धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनूसूची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

# आ.व. २०७९/०८० को प्रथम त्रैमासिक प्रतिवेदन

## सिईडिबि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड

दोस्रो तल्ला, ब्लुस्टार कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाडौं । फोन :०१-४१०११४०/४२२२६०९

**१. वित्तीय विवरण :**

क) आ.व. २०७९/०८० को प्रथम त्रैमासिक विवरण व्यवस्थापनद्वारा तयार गरिएको अपरिष्कृत वित्तिय अवस्थाको विवरण तथा आय विवरण ।

**वित्तिय अवस्थाको विवरण** *(रकम रु. मा)*

| विवरण | लेखा परीक्षण नभएको | | |
|---|---|---|---|
| | असोज मसान्त २०७९ सम्ममा | आषाढ मसान्त २०७९ सम्ममा | असोज मसान्त २०७८ सम्ममा |
| **सम्पत्ति** | | | |
| **गैह्र चालु सम्पत्ति** | | | |
| कार्यालय उपकरण | २,४०५,२७०.५२ | २,४५८,५६१.०५ | २,७२१,५६८.५९ |
| पूँजीगत कार्य प्रगति | ४,६५९,०६६.१६ | ४,६८२,१११.१६ | ४,५७५,२५४.५६ |
| लगानी | ४४९,०५२,२६०.७९ | ४४९,०४८,४१०.७९ | ४४८,०३९,०४४.७९ |
| **जम्मा गैह्र चालु सम्पत्ति** | ४५६,११६,५९७.४७ | ४५६,१८९,०८३.०० | ४५५,३३५,८६७.९५ |
| **चालु सम्पत्ति** | | | |
| मुद्दती निक्षेपमा लगानी | १९०,०००,०००.०० | २२५,०००,०००.०० | २२५,०००,०००.०० |
| नगद तथा बैंक मौज्दात | ३,४७०,१०७.७६ | २,४९८,६५२.०६ | ७,४५९,१३५.६२ |
| अग्रिम भुक्तानी, पेश्की, सापटी तथा धरौटी | २३५,४५८,४०७.८४ | २६५,९०३,८५८.६९ | ५६,४१०,९८५.१२ |
| आसामीहरु | ४५१,२०१,९७७.८५ | ३७१,०४६,७१५.२३ | ४५२,५९६,१२५.७९ |
| **जम्मा चालु सम्पत्ति** | ८८०,१३०,४९३.४५ | ८६४,४४९,२२५.९८ | ७४१,४६६,२४६.५९ |
| **जम्मा सम्पत्ति** | १,३३६,२४७,०९०.९२ | १,३२०,६३८,३०८.९८ | १,१९६,८०२,११४.५३ |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी तथा जगेडा कोष** | | | |
| शेयर पूँजी | ८३९,४१०,०००.०० | ८३९,४१०,०००.०० | ८३९,४१०,०००.०० |
| जगेडा कोष र संचित नाफा | ४२२,३६६,६६६.६९ | ३७९,८९८,९०३.२३ | ३०७,८४५,३४३.५० |
| **जम्मा पूँजी तथा जगेडा कोष** | १,२६१,७७६,६६६.६९ | १,२१९,३०८,९०३.२३ | १,१४७,२५५,३४३.४६ |
| **दायित्व** | | | |
| **गैह्र चालु दायित्व** | | | |
| दीर्घकालीन बैंक ऋण | १,०८७,८४७.८४ | १,११७,८७५.५१ | १,३७२,०३३.९३ |
| **चालु दायित्व र व्यवस्था** | | | |
| व्यापारिक र अन्य दायित्व | ६२,१०५,३५३.७९ | ६२,४६७,०४७.०३ | ३४,३७५,९३९.४० |
| अन्य व्यवस्थाहरु | ११,२७७,२२२.६० | ३७,७४४,४८३.२१ | १३,७९८,७९७.७४ |
| **जम्मा चालु दायित्व तथा व्यवस्थाहरु** | ७३,३८२,५७६.३९ | १००,२११,५३०.२४ | ४८,१७४,७३७.१४ |
| **जम्मा पूँजी तथा दायित्व** | १,३३६,२४७,०९०.९२ | १,३२०,६३८,३०८.९८ | १,१९६,८०२,११४.५४ |

**आय विवरण** *(रकम रु. मा)*

| विवरण | लेखा परीक्षण नभएको | | |
|---|---|---|---|
| | असोज मसान्त २०७९ सम्ममा | आषाढ मसान्त २०७९ सम्ममा | असोज मसान्त २०७८ सम्ममा |
| **आम्दानी** | | | |
| सेवा शुल्क, ब्याज तथा अन्य आम्दानी | ५०,१८०,६०९.९६ | १७०,७२५,२९१.४९ | ५८,८४०,२५५.६० |
| खर्च | | | |
| **प्रशासनिक खर्च** | (४,९२५,६७९.५६) | (१६,०९५,३८३.७) | (३,४३५,८२९.१२) |
| **ब्याज खर्च** | (१२,५५९.२२) | (३,०२८,१३४.५५) | (५७,१२३.५९) |
| ह्रासकट्टी | (१३३,४८०.७८) | (६२३,८४०.३८) | (१५२,१११.९१) |
| जम्मा खर्च | (५०७१७१९.५६) | (१९,७४७,३५८.६४) | (३,६४५,०६४.६२) |
| आयकर अघिको नाफा | ४५,१०८,८९०.४०) | १५०,९७७,९३२.८५ | ५५,१९५,१९०.९७ |
| **चालू वर्षको आयकर व्यवस्था** | (११,२७७,२२२.६०) | (३७,७४४,४८३.२१) | (१३,७९८,७९७.७४) |
| **आयकर कट्टी पछिको नाफा** | ३३,८३१,६६७.८० | ११३,२३३,४४९.६४ | ४१,३९६,३९३.२३ |

**नोटः**

माथि उल्लेखित अंकहरु आवश्यकता अनुसार पुनःवर्गीकरण गर्न सकिने छ ।

लेखा परीक्षण नभएका अंकहरु लेखापरीक्षक तथा नियामक निकायको निर्देशन बमोजिम हेरफेर हुन सक्नेछ ।

**ख) प्रमुख वित्तीय अनुपातहरु सम्बन्धि विवरण निम्नाअनुसार छन ।**

| अवधी | प्रतिशेयर आम्दानी रु. (वार्षिकिकरण) | प्रतिशेयर नेटवर्थ रु. | तरलता अनुपात | प्रतिशेयर कुल सम्पतीको मूल्य रु. | मूल्य आम्दानी अनुपात |
|---|---|---|---|---|---|
| यस त्रैमासिक अन्त्य सम्ममा | १६.१२ | १५०.३२ | ०.०८ | १५९.१९ | ३७.५९ |

**२. व्यवसायिक विश्लेषणः**

क) त्रैमासिक अवधीमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरणः कम्पनीसंग रहेका लगानी योग्य रकम हाललाई मुद्धती खातामा राखिएकोले नगद मौज्दात तथा तरलता बढेको छ ।

ख) आगामी अवधीको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरणः कम्पनीले लगानी गरेको जलविद्युत आयोजनाहरु दोर्दी-१ जलविद्युत आयोजना र तल्लो खारे खोला जलविद्युत आयोजनाले विद्युत उत्पादन गरी राष्ट्रिय विद्युत प्रसारणमा विद्युत प्रवाह गर्दै आएको छ । रुकुम गाड जलविद्युत आयोजनाबाट आगामी मंसिर सम्ममा विद्युत उत्पादन हुने अनुमान रहेको छ । साथै कम्पनीको लगानी रहेको ४५ मे.वा.को कसुवा खोला जलविद्युत आयोजनाको निर्माण कार्य आ.व. २०७९/८० मा प्रारम्भ हुने अनुमान छ ।

ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरणः
कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकूल असर पार्ने खालको घटना र अवस्था देखिएको छैन । तर मानवीय नियन्त्रण भन्दा बाहिरको दैवि प्रकोप (काबु बाहिर) को असर भने सदा रहिरहने छ ।

**३. कानूनी कारबाही सम्बन्धी विवरणः**

यस त्रैमासिकमा संस्थाले कसै विरुद्ध र कसैले संस्था विरुद्ध साथै संस्थापक र संचालक विरुद्ध कुनै मुद्धा मामिला परे/गरेको छैन ।

**४. संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषणः**

क) धितोपत्र बजारमा संस्थाको शेयर कारोबार नियमानुसार सामान्य प्रकृतिबाटै भएको छ । यस त्रैमासिक अवधिमा संस्थाको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेवसाइट अनुसारः

| | |
|---|---|
| अधिकतम मूल्य रु. | ८६९ |
| न्यूनतम मूल्य रु. | ६०५ |
| अन्तिम मूल्य रु. | ६०६ |
| कारोबार भएको कुल दिन | ६६ |
| कारोबार संख्या | ८,८१३ |

ख) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणाः शेयर बजारले निर्धारण गर्ने यस संस्थाको शेयरको मूल्य र कारोबारमा यस संस्थाको कुनै हस्तक्षेप रहेको छैन ।

**५. समस्या तथा चुनौतीः**

कम्पनीले गरेको सम्पूर्ण लगानीहरु जलविद्युत आयोजनामा रहेकोले जलविद्युत आयोजनासँग सम्बन्धित समस्या, चुनौती र जोखिमहरुले कम्पनीले प्राप्त गर्ने प्रतिफललाई प्रभाव पार्नेछ ।

**६. संस्थागत सुशासनः**

संस्थागत सुशासन अभिबृद्धिका लागि व्यवस्थापनले कर्मचारीको वृद्धि विकास, आवश्यक कार्यकक्ष र सामाग्रीहरुको समुचित व्यवस्था कार्यका लागि उचित वातावरण तयार गर्ने गरेको छ

**७. सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उदघोषणः**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।